# अपराध इ-बुलेटिन

वर्ष–३,अंक–११
साउन–असोज,२०७४(त्रैमासिक)

# वस्तुनिष्ठ अपराध अनुसन्धान, मानवअधिकारको सम्मान

अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय
©सर्वाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा


अपराध अनुसन्धान विभागिय गतिविधि --------------------२

नागरिक सम्बन्धि --------------------------------५

अनुसन्धानको प्राबिधिक तथ्यहरू---------------------------६

प्रहरी सेवा -------------------------------------- ८

अनुसन्धान तथा विश्लेषण ---------------------------- ९

अपराध समाचार ---------------------------------- १०

सामुदायिक प्रहरी गतिविधि ---------------------------१३

अपराध तथ्यांक ------------------------------------- १४

जनचेतना मुलक सन्देश ------------------------------१५

# अपराध अनुसन्धान विभागिय गतिविधि

## आसरा सुधार केन्द्र रानीबारीको २१ औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न :

काठमाडौं, १ असोज

प्रहरी महानिरीक्षक प्रकाश अर्यालको प्रमुख आतिथ्यमा आसरा सुधार केन्द्र रानीबारी महाराजगञ्जको २१ औं बार्षिकोत्सव कार्यक्रम आइतबार केन्द्रको कार्यालय रानीबारीमा आयोजित एक समारोहबीच सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथी प्रहरी महानिरीक्षक अर्यालले केन्द्रका बार्षीक गतिविधिमा नियमित सहयोग गर्ने नेपाल प्रहरी अस्पताल, महानगरीय सशस्त्र प्रहरी गण, केन्द्रका कार्यकारीणी सदस्यहरु, केन्द्रका प्रशिक्षकहरु र केन्द्रको सुरक्षा कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई सम्मानपत्र, नगद पुरस्कार तथा प्रंशसापत्र वितरण गर्नुभयो ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक अर्यालले लागूऔषध सिंगो विश्वको लागि चुनौतिको रुपमा रहेको चर्चा गर्दै लागू औषधको कुलतमा परेका सेवनकर्ताहरुलाई उपचार तथा परामर्शद्धारा जिम्मेवार नागरिक बनाई आफ्नो घर परिवार र समाजमा पुनर्स्थापित गराउने कार्यमा आसरा सुधार केन्द्रले पुऱ्याएको योगदान सह्रानिय भएको उल्लेख गर्नुभयो ।

केन्द्रले सञ्चालन गर्दै आएको परोपकारी कार्य लागू औषधको कुलतमा परेकाहरुलाई उपचार र जीवनोपयोगी सीप प्रदान गरी समाजमा मर्यादित रुपले पुनर्स्थापना गराउने कार्यमा सर्मपित आसरा सुधार केन्द्र भरपर्दो संस्थाको रुपमा नेपालमा मात्र सीमित नरही अन्तराष्ट्रिस्तर समेतमा यसको चर्चा भएको बताउनुभयो ।

कार्यक्रममा केन्द्रकी अध्यक्ष सीमा अर्यालले केन्द्रलाई विभिन्न सहयोग गर्ने व्यक्तित्वहरुलाई कदरपत्र प्रदान गर्दै लागूऔषधको कुलतमा फसेकाहरुलाई उपयुक्त माध्यमद्धारा उपचार गराई समाजमा पुनर्स्थापित गर्ने उद्देश्यका साथ सकारात्मक परिवर्तन ल्याउन केन्द्र समर्पित रहेको बताउनुभयो ।

वार्षिक प्रतिवेदन केन्द्रकी सचिव रम्भा लामाले प्रस्तुत गर्नु भएको सो कार्यक्रममा केन्द्रमा उपचाररत सदस्यहरुले साास्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने केन्द्रको वार्षिक प्रकाशन आसरा दर्पणको वितरण समेत गरिएको थियो ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायब महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, केन्द्रका पदाधिकारीहरु लगायत केन्द्रमा उपचाररत सदस्यका अभिभावकहरुको उपस्थिति रहेको थियो ।

## इन्टरपोलको ८६औं महासभामा सहभागी हुन प्रहरी महानिरीक्षक प्रकाश अर्याल चीन प्रस्थान :

काठमाडौं, ७ असोज

प्रहरी महानिरीक्षक प्रकाश अर्याल चिनको बेइजिङमा असोज १० देखि १३ गतेसम्म सम्पन्न हुने ८६औं महासभामा सहभागी हुन शनिबार त्यसतर्फ प्रस्थान गर्नुभयो । इन्टरपोलका १ सय ९० सदस्य राष्ट्रका प्रतिनिधिहरु सहभागी हुने महासभामा नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक अर्याल सगै प्रहरी अतिरिक्त महानिरीक्षक बमबहादुर भण्डारी र प्रहरी उपरीक्षक किरण बज्राचार्य समेत त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

उहांहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गौचरणमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु लगायत बरिष्ठ प्रहरी अधिकृतहरुले शुभकामना सहित हार्दिक बिदाई गर्नुभयो ।

चिनका राष्ट्रपतिद्वारा चाइना नेशनल कन्भेन्सन सेन्टर बेइजिङमा उदघाटन हुने उक्त महासभामा इन्टरपोल कार्यसमितिका अध्यक्ष मेङ होङउई, महासचिव

जर्गेन स्टक, कार्यसमितिका पदाधिकारीहरु लगायत इन्टरपोलका १ सय ९० सदस्य राष्ट्रका प्रहरी प्रमुखको साथै विशिष्ट प्रतिनिधिहरु एव्म सुपरीवेक्षकको समेत सहभागिता हुनेछ ।

जम्मा ४ दिनसम्म चल्ने उक्त महासभामा प्रमुख रुपमा 'इन्टरपोल २०२० योजना कार्यान्वयनु अन्तर्गत विश्वव्यापी चुनौतीको रुपमा स्थापित प्रतिआतंकबाद, संगठित अपराध (मानव बेचबिखन, बन्यजन्तु अपराध, प्रवासी तस्कर) र साइबर क्राइमका बिषयमा छलफल केन्द्रित हुनेछ । साथै प्रहरी क्षमता अभिबृद्धिका निम्ति इन्टरपोलको प्रविधि र बिकासलाई सदस्य राष्ट्रहरुमा विस्तार गरी इन्टरपोल ग्लोबल ट्रेनिङ रणनीति माथि पनि महासभामा छलफल हुनेछ । प्रतिआतङकवाद का सम्बन्धित विशेषज्ञ लगायतका प्रतिनिधिहरुबीच त्यस्ता संदिग्ध व्यक्तिको पहिचान गरी तिनको भ्रमण, अनलाईन उपस्थितिलाई निरुत्साहित गर्नका लागि विशेष छलफल हुनेछ । साथै इन्टरपोलका कार्यकारिणी समितिका विभिन्न पदमा निर्वाचनद्वारा पदाधिकारी चयन गरिनुको साथै नयां सदस्य राष्ट्रका रुपमा प्यालेस्टाइन र सोलोमोन टापुको चयन गर्न समेत मतदान गरिने छ ।

प्रहरी महानिरीक्षक अर्यालको अनुपस्थितिमा प्रहरी अतिरिक्त महानिरीक्षक माधवप्रसाद जोशीले प्रहरी प्रधान कार्यालयको दैनिक प्रशासनिक कामकाजको जिम्मेवारी सम्हाल्नु हुनेछ ।

## इन्टरपोलको ८६औं महासभामा सहभागी भई प्रहरी महानिरीक्षक प्रकाश अर्याल स्वदेश फिर्ता :

काठमाडौं, १३ असोज

प्रहरी महानिरीक्षक प्रकाश अर्याल असोज १० देखि १३ गतेसम्म चिनको बेइजिङमा सम्पन्न इन्टरपोलको ८६औं महासभामा सहभागी भई शुक्रबार स्वदेश फर्कनुभएको छ ।

इन्टरपोलका १ सय ९० सदस्य राष्ट्रका प्रहरी प्रमुख तथा प्रतिनिधिहरु सहभागी भएको महासभामा नेपाल प्रहरीको तर्फबाट सहभागी हुन असोज ७ गते त्यसतर्फ जानुभएका प्रहरी महानिरीक्षक अर्यालसंगै प्रहरी अतिरिक्त महानिरीक्षक बमबहादुर भण्डारीसमेत स्वदेश फर्कनुभएको छ ।

उहांहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गौचरणमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षक लगायत बरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा कुरा गर्दै प्रहरी महानिरीक्षक अर्यालले उक्त महासभामा विशेष गरी विश्वव्यापी चुनौतीको रुपमा रहेको प्रतिआतंकबाद, संगठित अपराधलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने बारे मा आपसी समन्वय र सहयोगको आवश्यकता र त्यसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बिषयमा छलफल भएको बताउनुभयो । साथै प्रहरीको अनुसन्धान क्षमता कसरी अभिबृद्धि गर्ने, कसरी बढी भन्दा बढी अपराधी पक्राउ गरी कानूनको दायरामा ल्याउन सकिन्छ भन्ने बारेमा छलफल भएको उहांले उल्लेख गर्नुभयो ।

प्रहरी महानिरीक्षक अर्यालले इन्टरपोलको १००औं सदस्यको रुपमा आवद्ध भई नेपालले सदस्य राष्ट्रबाट प्राप्त गर्नुपर्ने सूचना तथा डाटावेशको सहयोग जस्ता विभिन्न सहयोग प्राप्त गरेको, नेपालमा अपराध गरी अन्य देश भागेका अपराधीहरुलाई नेपालमा ल्याएर कानुनको दायरामा ल्याई अदालतसम्म पुऱ्याउन जुन प्रयास भएको छ त्यो सहकार्य र समन्वयबाट नेपाल लाभान्वित भएको बताउनुभयो ।

प्रहरी महानिरीक्षक अर्यालले सदस्य राष्ट्रका प्रहरी प्रमुख तथा प्रतिनिधिसाग औपचारिक तथा अनौपचारिक छलफल गरी आपसी समन्वय र सहयोग आदान प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरिएको र सबै राष्ट्रका प्रहरी प्रमुखहरु एकआपसमा बाांधिएर काम गर्ने प्लेटफर्मको रुपमा इन्टरपोल रहेको कारण प्रहरीको कार्यक्षमता र प्रभावकारिता विस्तार हुदै गएको समेत उल्लेख गर्नुभयो ।








fig.1 Data center
fig.2  Back up room
fig.3 Data centre core room

## नागरिक सम्बन्धि

# खोजतलास एवं समन्वय

देश भरी हराएका मानिसहरुको साउन देखी असोज माहिना सम्मको विवरण –

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ३२१ | ११२० | २५६ | २७८ | १९७५ |

हराएका मध्य फेला परेका मानिसहरुको बिबरण –

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ६४ | २०१ | १०३ | ११६ | ४८४ |

पहिचान हुन नसकेका लाशहरुको विवरण –

| पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|
| ३२ | ११ | – | – | ५ | ४८ |

# बैदेशिक नागरिक

| सि.नं. | बिबरण | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | बिदेशी नागरिकको मृत्यु | ४ | – | ४ | ८ |
| २ | बिदेशी नागरिकको पक्राउ | २ | ३ | १० | १५ |
| ३ | हराएका बिदेशी नागरिकहरु (खोजतलास भइरहेको ) | – | १ | – | १ |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विवरण | ५,३४१ | ५,३१८ | ८,३६२ | १९,०२१ |
| ५ | बिदेशी नागरिकको यस कार्यलयमा रहेको अपराधिक अभिलेख जाचं गरि पठाईएको बिबरण | ५ | २ | ११ | १८ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७४ साल साउन देखि असोज महिना सम्म २५ महिला र ९८ पुरुषको पोलिग्राफ परिक्षण गरेको छ । जसमध्ये झुठ बोलेको संकेत ६५, झुठ नबोलेको संकेत ५० , राय दिन नसक्ने अवस्था ८, अनुसन्धानमा सघाउ संख्या ६८ र स्विकार गरेको ४ वटा घटना छन् ।

## Call detail record

मिति २०७४ साउन देखि असोज सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

अपराध अनुसन्धानको सिलसिलामा मातहत बिभिन्न प्रहरी ईकाईहरुबाट मागभई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धीत कार्यालयहरुलाई उपलब्ध गराईएको ।

| सि.नं. | कार्यालय | साउन | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | प्रदेश नं.१ | १२३२ | ९९७ | ५८२ |
| २ | प्रदेश नं.२ | १०१२ | ६९४ | ६०६ |
| ३ | प्रदेश नं.३ | ५०५ | २९२ | ५९४ |
| ४ | प्रदेश नं.४ | ८५६ | १०९० | ६७६ |
| ५ | प्रदेश नं.५ | ७७९ | १०६८ | ११३१ |
| ६ | प्रदेश नं.६ | १८ | ६८ | १५ |
| ७ | प्रदेश नं.७ | ३६७ | ५३१ | २०४ |

# Digital Forensic lab बाट परिक्षण गरिएको सबुदहरुको तथ्याङक

मिति २०७४  साउन देखि असोज सम्मको  निम्न मुद्दाशिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परिक्षण गरी परिक्षण रिपोर्ट तथा सबुदहरु सम्बन्धित कार्यालयमा पठाई सकिएको ।

| सि।न | मुद्दा शिर्षक | संख्या |
|---|---|---|
| १ | जवरजस्ती करणी | २ |
| २ | विधुतिय कसुर | ८ |
| ३ | कर्तब्य ज्यान | ३ |
| ४ | मानव वेचविखन तथा ओसारपसार | ४ |
| ५ | ठगी | ३ |
| ६ | संगठीत अपराध | ५ |
| ७ | सरकारी छाप दस्तखतकिर्ते | २ |
| ८ | नखुलेको | ७ |
| ९ | बन्यजन्तु खरिद बिक्री | ० |
| १० | ज्यान मार्ने उधोग | १ |
| ११ | भबितब्य ज्यान | ५ |
| १२ | आत्महत्या | ४ |
| १३ | बिदेशि विनियम अबैधओ।प। | १ |
| | जम्मा | ४६ |

मिति २०७४  साउन देखि असोज सम्मको  यस ल्याबमा परिक्षण गरिएका सबुदहरुको बिबरण यस प्रकार छन ।

| सि।न | सबुद | संख्या | कैफियत |
|---|---|---|---|
| 1 | sim card | १०३ | |
| 2 | memory card | २४ | |
| 3 | laptop | १० | Hard Drive |
| 4 | CPU | २ | Hard Drive |
| 5 | mobile | ८६ | |
| | total | २२५ | |

# फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धि पाक्षीक बिवरण सङ्कलन गरी बिश्लेशण गर्ने कार्य भईरहेको छ जस अनुसार मिति २०७४/०४/०१ देखि २०७४/०७/०१ गते सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धि प्रगति बिवरण निम्न अनुसार रहेको छ ।

| | पक्राउ संख्या | जरिवाना | कैद |
|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | ४५४ जना | रु। १,८३,३६,३९६ | २७६ वर्ष ४ महिना ०९ दिन |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | १८३ जना | रु। ४४,७४,२८६ | १२६ वर्ष १० महिना १९ दिन |
| केन्दिय अनुसन्धान व्युरो | १३ जना | रु। ४,४२,७१,४४४ | ५८ बर्ष |
| जम्मा | ६५० जना | रु। ६,७०,८२,११६ | ४०७ वर्ष २ महिना २८ दिन |


# चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी

| सि.नं. | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारीत्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या :–४९, ३६६ | प्रमाण–पत्र बितरण संख्या :–४९,३५७ |
| २ | बिदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ३७३६ | बितरण संख्या :–३७३६ |
| ३ | राजदुतावासको दर्ता संख्या :–४ | बितरण संख्या :–४ |
| ४ | बिदेशी नागरिकको दर्ता संख्या :–२२० | बितरण संख्या :–२२० |
| ५ | बिभिन्न संघ संस्था तथा गृह मन्त्रालयको दर्ता :– ७३९२ | बितरण संख्या :– ७३९२ |
| ६ | क्षेप्रका–५ वाट दर्ता संख्या :– ४७२५ | वितरण संख्या :– ४७२५ |
| | जम्मा दर्ता संख्या :– ६५४३९ | बितरण संख्या :– ६५४३४ |

# अनुसन्धान तथा विश्लेषण

DIRS जाहेरी अनुसार साउन, भदौ  र असोज महिनामा देशभर भएका अपराधिक घटनाहरुको जाहेरी तथ्यांङ्क

| घटना शिर्षक | सदृ | आगलागी | भुण्डी मृत्यु | बिषसेवन | भवितव्य ज्यान | कुटपीट | फुटकर ज्यान | चोरीलुटपाट | लागुऔषध | पहिचान नभएको लास | बगाईडुबी मृत्यु | आगजनीतोडफोड | हाहाबरामद | धारिलो हतियार प्रयोग | कर्तब्य ज्यान | करेन्टलागि मृत्यु | जुवाताश | गोली प्रहार | बम बिस्फोट | अपहरण | जबर्जस्ती करणी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साउन | ८५३ | ७२ | १५२ | २२३ | १२८ | १३५ | १३१ | ८६ | ७३ | ४८ | १६१ | १९ | १५ | ३६ | २६ | ६५ | ७ | २ | १ | ३ | १७ | १३४१ | ३५९४ |
| भदौ | ८२४ | ७२ | १८२ | १९७ | १३६ | १२४ | १२४ | ८२ | ९६ | ६२ | १४२ | २० | २० | ५६ | १० | ५६ | १७ | ३ | १४ | ५ | १६ | १०८३ | ३३४१ |
| असोज | ९७६ | ६८ | २०२ | १५९ | १२८ | १३२ | १०० | ८७ | १०८ | ४९ | १०१ | ११ | २० | ३४ | २५ | ६४ | ४६ | ६ | ६ | ६ | १२ | ६४७ | २९८७ |




८ अन्य (बन्द, हडताल, जोरजुलुम, बाटो अबरोध, कोण सभा, आम सभा, बिरोध, अबैध सामान, पक्राउ नियन्त्रण आदि)

DIRS जाहेरी अनुसार श्रावण, भाद्र र आश्विन महिनाको समग्र तथ्याङ्क हेर्दा सवारी दुर्घटना शीर्षकमा सबैभन्दा बढी घटना जाहेरी प्राप्त हुन आएको देखियो ।

श्रावण, भाद्र र आश्विन महिनाको जाहेरीलाई अध्ययन गर्दा झुण्डी मृत्यु, ला.औ., जुवातास, गोली प्रहार र अपहरण शीर्षकका घटना जाहेरी क्रमश: बृद्दि हुँदै गएको देखियो भने विष सेवन, फुटकर ज्यान, बगाईडुबी र ज.ज.क. मुद्दा शीर्षकमा जाहेरी सङ्ख्या घट्दो क्रममा देखियो ।

# अपराध समाचार

लागूऔषध खैरो हेरोइन सहित पक्राउ :

झापा, १९ साउन

झापा शिवगंज गाउंपालिका-६ घर भई बिर्तामोड नगरपालिका-१ डेरा गरी बस्ने ३८ बर्षीय सागर रेग्मी र शनिअर्जुन नगरपालिका-६ बस्ने ३२ बर्षीय सुरेन्द्र खरेललाई प्रहरीले लागूऔषध खैरो हेरोइन ४ ग्राम ५ सय मिलिग्राम सहित पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्युरो कांकडभिट्टा र जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त टोलीले बिशेष सुराकीको आधारमा मे.१ च ४२७४ नम्बरको मारूती भेनलाई मेचीनगर नगरपालिका-७ जोरसिमलस्थित जांच गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी भेनमा सवार निज रेग्मी र भेनचालक खरेललाई नियन्त्रणमा लिएको हो

खुनडांका अपराध मुद्धाका मुख्य अभियुक्त तथा योजनाकार पक्राउ :

चितवन, १८ असार

भरतपुर महानगरपालिका-२५ शुक्रनगरस्थित साउनी महतोको घरमा गत जेठ ५ गते हातहतियार सहित आएका व्यक्तिहरूले लुटपाट गर्न थालेपछि प्रतीकार गर्नेक्रममा घरका मानिसलाई खुकुरी तथा गोली प्रहार गरी घाइते बनाई लुटपाट गरेको घटनाका मुख्य अभियुक्त तथा योजनाकार भरतपुर महानगरपालिका-२७ ढेवौलीस्थित ससुराली घरमा बस्ने पर्वत, पकुवा-८ का २७ वर्षीय कृष्ण शाही ठकुरीलाई प्रहरीले पक्राउ गरेको छ।

सोही घटनामा संलग्न अन्य २ अभियुक्तहरू नवलपरासी मध्यबिन्दु-१० अरूणखोलाका १९ वर्षीय नारायण बिक र सोही ठाउँका २१ वर्षीय लक्ष्मण परियार लाई गत असार ११ गते प्रहरीले पक्राउ गरेको थियो।

अभियुक्तबाट नगद ८३ हजार १ सय ४० रूपैयां, पेस्तोल १ थान, त्यसको गोली ६ थान, घटनामा प्रयोग भएका ह्यामबर १ थान, मोटरसाइकलको रड १ थान, चक्कु १ थान, पेचकस १ थान र सुनका गहनाहरू प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

लागूऔषध खैरो हेराईन सहित पक्राउ :

मकवानपुर, १७ साउन

हेटौडा उपमहानगरपालिका-८ कमाने बस्ने ३१ बर्षीय अजित दाहाल र २६ बर्षीय बाबु रेग्मीलाई लागूऔषध खैरो हिरोइन अंदाजी १०/१५ ग्राम सहित प्रहरीले पक्राउ गरेको छ।

हेटौडा उपमहानगरपालिका-१५ स्थित पूर्बपश्चिम राजमार्गमा ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले बिरगंजबाट हेटौडातर्फ आउदै गरेको ना १ ज ६९२७ नंम्बरको माइक्रो बस चेकजांच गर्ने क्रममा अजित दाहाल र बाबु रेग्मीले फलफुलको झोलाभित्र प्लाष्टिकको बल जस्तो गोलो आकारको डब्बा भित्र लुकाईछिपाई ल्याएको उक्त लागूऔषध फेला पारी दुवैलाई नियन्त्रणमा लिएको थियो।

जवरजस्ती करणी गरेको अभियोगमा पक्राउ :

मकवानपुर, ८ भदौ

जवरजस्ती करणी गरेको अभियोगमा हेटौडा उपमहामनगरपालिका-१८ बस्ने ४० बर्षीय प्रदिप पोखेललाई प्रहरीले पक्राउ गरेको छ।

पोखेलले गत साउन २३ गते भिमफेदी गाउंपालिका-८ निवुवाटार घर भई हेटौडा उपमहानगरपालिका-१८ एकले खेत डेरा गरी बस्ने मानसिक सन्तुलन ठिक नभएकी १६ बर्षीया युवतीलाई घरमा कोही नभएको अवस्थामा जवरजस्ती करणी गरी भागेको बताइएको छ।

उक्त घटनाको खबर प्राप्त भएपछि प्रहरी चौकी ठुलो दमारबाट खटिएको प्रहरी टोलीले पोखेललाई पक्राउ गरेको हो।

हात्तीको दाह्रा र पेस्तोल बरामद :
मकवानपुर, २ भदौ

हटौडा उपमहानगरपालिका-३ तिनताप्के भन्ने स्थानबाट प्रहरीले हात्तीको दाह्रा अंदाजी १५ के.जी., युएसए लेखिएको १ थान पेस्तोल , ९ एमएमको ६ राउण्ड गोली र १ थान म्याग्जीन बरामद गरेको छ।

उक्त स्थानमा हात्तीको दाह्राको कारोबार हुदैछ भन्ने खबर प्राप्त हुनासाथ केन्द्रीय अनुसन्धान ब्युरो र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी पुग्दा पदमपोखरी बस्ने अशोक तामाङ, बिर बहादुर तामाङ, समेतका ३ जनाले प्रहरीलाई देख्नासाथ साथमा रहेको उक्त हात्तीको दाह्रा पेस्तोल र गोली घटनास्थलमा छाडेर भागेका थिए।

फरार व्यक्तिहरूको प्रहरीले खोजतलास गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

कटुवा पेस्तोल र गोली सहित पक्राउ :
कपिलबस्तु, ८ असोज

महाराजगंज नगरपालिका-६ बस्ने ४९ बर्षीय भारत चौधरीलाई प्रहरीले कटुवा पेस्तोल २ थान र सोको गोली २ थान सहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तु र वडा प्रहरी कार्यालय चन्द्रौटाबाट खटिएको प्रहरी टोलीले बिहान चौधरीलाई सोही ठाउंको बुटहनियामा शंकास्पद रूपमा हिंडिरहेको अवस्थामा फेला पारी चेकजांच गर्दा प्लास्टिकको झोलामा लुकाईछिपाई राखेको उक्त कटुवा पेस्तोल र गोली बरामद।

बाघको छाला सहित पक्राउ :
दाङ, १ भदौ

तुलसीपुर उपमहानगरपालिका-५ बस्ने ५२ वर्षीय तुलप्रसाद सापकोटा र सल्यान कपुरकोट गाउपालिका-६ बस्ने ५१ वर्षीय रूपलाल बोहरालाई ७ फिट १० ईन्च लम्बाई र ४ फिट १० ईन्च चौडाई भएको बाघको छाला १ थान सहित प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँस्थित मालिका कालिका बस व्यवसायी समितिको काउन्टर नजिक शंकास्पद रूपमा हिंडिरहेका सापकोटा र बोहरालाई प्रहरीले चेकजांच गर्दा उक्त बाघको छाला बरामद भएको हो।

चितुवाको छाला र कस्तुरीको बिना सहित पक्राउ :
दाङ, ६ भदौ

रूकुम सिस्ने गाउंपालिका-८ स्यालापाखा बस्ने ६३ बर्षीय देब बहादुर बोहरा र रूकुम बाफिकोट गाउपालिका-२ बस्ने ३३ बर्षीय हर्क बुढालाई प्रहरीले चितुवाको छाला १ थान र कस्तुरीको बिना २ तोला ३० लाल सहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरी टोलीले घोराही उपमहानगरपालिका-१ सर्रा चोकमा उनीहरूलाई चेकजांच गर्दा सेतो प्लास्टिकको बोरामा लुकाई ल्याएको अवस्थामा चितुवाको छाला र कस्तुरीको बिना बरामद भएको थियो।

पेस्तोल सहित पक्राउ :
बाांके, ३१ असोज

नेपालगंज उपमहानगरपालिका-२२ पुरैनी बस्ने ४० वर्षीय श्यामता लोहनिया, डुडुवा गाउंपालिका-३ सुलालपुरूवा बस्ने २६ वर्षीय बाबुलाल पासी र झुन्डापुरूवा बस्ने २७ वर्षीय शेर अली बागबान सहित ३ जनालाई १ थान कटुवा

पेस्तोल सहित प्रहरीले पक्राउ गरेको छ ।

नेपालगन्ज उपमहानगरपालिका-२२ पुरैनीस्थित अबैध रूपमा हातहतियारको कारोबार हुंदैछ भन्ने सूचनाको आधारमा खानतलासी गर्दा उक्त हतियार फेला परेको हो ।

मृत सालक र संरक्षित वन्यजन्तुको छाला सहित पक्राउ :

काठमाडौं, ४ साउन

मृत सालक र संरक्षित वन्यजन्तुको छाला सहित केन्द्रीय अनुसन्धान ब्यूरोको प्रहरीले २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा दोलखा, मेलुङ गाउपालिका-१ बाखेछाप बस्ने ४० वर्षीय कृष्ण भन्ने खम्बबहादुर लुकाई र ललितपुर महानगरपालिका-१५ बस्ने सर्लाही, बाग्मती नगर पालिका-५ का ४४ वर्षीय रमेश राई भन्ने भागीरथ राई रहेका छन् ।

संरक्षित वन्यजन्तु सालक तौल ८ किलो ४ सय ग्राम मृत अवस्थामा खरिद बिक्री गर्न भनि ओसार पसार गरी ल्याएको समयमा निज लुकाईलाई काठमाडौं महानगर पालिका-१६ बनस्थलीस्थित शिवमन्दिरको परिसर बाट प्रहरीले उक्त मृत सालक सहित पक्राउ गरी बुधबार आवश्यक कानूनी कारवाहीको लागि जिल्ला वन कार्यालय, काठमाडौंमा बुझाएको हो ।

यसैगरी ललितपुर, ललितपुर महानगरपालिका-१५ साङपाङ चोकबाट संरक्षित वन्यजन्तु झारलको जस्तो छाला १ थान सहित निज भागीरथ राईलाई व्यूरोको प्रहरीले पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला वन कार्यालय, हात्तीवन, ललितपुरमा बुझाएको हो ।

संरक्षित बन्यजन्तु चितुवाको छाला तथा अखेटोपहार सहित पक्राउ :

काठमाडौं, १३ साउन

भक्तपुरको सूर्यविनायक नगरपालिका-९ पलासेस्थित वाटर किङडम रिसोर्टबाट चितुवाको छाला थान १ सहित ३ जनालाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरो काठमाडौंको प्रहरी टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-१० शिखरपुर बस्ने २७ वर्षीय जिवन तामाङ, दोलखाको तामाकोशी गाउंपालिका-२ बस्ने २७ वर्षीय सुरेन्द पाखिन र दोलखाकै भिमेश्वर नगरपालिका-९ बस्ने २० वर्षीय सिंहवीर तामाङ रहेका छन् । उनीहरूलाई प्रहरीले जिल्ला बन कार्यालय भक्तपुरमा बुझाएको छ ।

साथै उक्त घटना सम्बन्धमा प्रारम्भिक अनुसन्धानको क्रममा दोलखाको भिमेश्वर नगरपालिका-९ जसमन्ते बस्ने बमबहादुर श्रेष्ठले चितुवा मारी छाला सहित उनीहरूलाई बिक्री गरेको भन्ने जानकारी गराए पश्चात जिल्ला प्रहरी कार्यालय दोलखा र प्रहरी चौकी खरिढुङ्गाबाट खटिएको प्रहरीले बमबहादुरको घर खानतलासी गर्दा तन्नाभित्र लुकाई छिपाई राखेको अबस्थामा संरक्षित चितुवाको ढाडको भागको हड्डी १ थान, चितुवाको सुकुटी बनाएको मासु करीव १ सय ५० ग्राम, दुम्सीको दांत सहितको दाह्रा १ थान, दुम्सीको कांडा १ सय २५ थान र दुम्सीको भुडी सहित फेला पारी उक्त बन्यजन्तु चितुवाको अखेटोपहार लुकाई छिपाई राख्ने बमबहादुर समेतलाई पक्राउ गरेको छ ।

# सामुदायिक प्रहरी गतिविधि

## सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू

| सि.नं. | क्रियाकलाप | साउन | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | अपराधरोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप | ३५२ | ४२५ | ३०४ |
| २ | जनचेतना मुलक क्रियाकलाप | २८९ | ४४४ | २१८ |
| ३ | सामाजिक क्रियाकलाप | ११५ | १२७ | ९० |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | ८८ | ८७ | ९१ |
| ५ | लागुऔषध विरुद्धको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएको | ५४ | ४४ | ३० |
| ६ | लैंगिक तथा घरेलु हिंसा विरद्दको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएका | १२८ | ८६ | ४७ |
| ७ | विविध | ६४ | ३६ | ३४ |

## प्रहरी मेरो साथी

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका प्रहरी मेरो साथी कार्यक्रमहरू

| सि.नं. | कार्यालय | साउन | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय रानीपोखरी | ९६ | ७५ | ४२ |
| २ | प्रदेश नं.१ | १२ | ३९ | ९ |
| ३ | प्रदेश नं.२ | १९ | ३३ | १४ |
| ४ | प्रदेश नं.३ | ११ | ३५ | ९ |
| ५ | प्रदेश नं.४ | १० | १७ | १५ |
| ६ | प्रदेश नं.५ | ११ | १८ | १२ |
| ७ | प्रदेश नं.६ | ११ | २५ | १६ |
| ८ | प्रदेश नं.७ | ३८ | ३२ | ३२ |
| | कुल जम्मा | २०८ | २७४ | १४९ |

# अपराध तथ्यांक

२०७३।०७४ साउन महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ५९ | १०६ | ७० | ७९ | ५६ | ९१ | १९ | ५४ | ५३४ |
| आत्महत्या सम्बन्धी | ० | ५७ | ७६ | ४८ | ६९ | ५४ | ७४ | १९ | ३३ | ४३० |
| चोरी सम्बन्धी | ० | ४१ | १६ | १७ | १४ | १२ | २३ | ६ | ७ | १३६ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ० | ४१ | ८० | ५१ | २८ | ३१ | ६२ | ३ | १० | ३०६ |
| सामजिक अपराध | ० | २५४ | १९३ | १५१ | १३७ | १०७ | १०१ | १० | ३६ | ९८९ |
| महिला तथा वालवालिका सम्बन्धी | १ | २७ | ६९ | ३४ | ३८ | २६ | ५९ | ९ | १६ | २७९ |
| सवारी सम्बन्धी | ० | १५ | ३५ | ३५ | २५ | २३ | २७ | २ | ५ | १६७ |
| विविध | ६ | १७ | २ | ३ | ४ | ३ | २ | ० | ६ | ४३ |
| कुल जम्मा | ७ | ५११ | ५७७ | ४०९ | ३९४ | ३१२ | ४३९ | ६८ | १६७ | २८८४ |

२०७३।०७४ भदौ महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ६० | ११८ | ६८ | ७४ | ३९ | ११४ | २७ | २५ | ५२५ |
| आत्महत्या सम्बन्धी | ० | ३६ | ७४ | ५६ | ४८ | ४० | ८२ | १७ | ४६ | ३९९ |
| चोरी सम्बन्धी | ० | ३६ | २० | १७ | १० | १५ | २५ | ० | ७ | १३० |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ३ | ६९ | ८१ | ४२ | ३३ | ३७ | ६९ | ५ | १२ | ३५१ |
| सामजिक अपराध | ० | ३९६ | २२३ | १०७ | १०४ | ११० | १३५ | ९ | ४२ | ११२६ |
| महिला तथा वालवालिका सम्बन्धी | ० | २५ | ४९ | २१ | ३० | १९ | ४६ | ७ | ११ | २०८ |
| सवारी सम्बन्धी | ० | १८ | २८ | २९ | २१ | १४ | ४० | ३ | ४ | १५७ |
| विविध | ५ | ३८ | ७ | ४७ | ० | २ | ६ | ० | २ | १०७ |
| कुल जम्मा | ८ | ६७८ | ६०० | ३८७ | ३२० | २७६ | ५१७ | ६८ | १४९ | ३००३ |

२०७३।०७४ असोज महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७५ | ९९ | ७७ | ७५ | ४७ | १०९ | २४ | २८ | ५३४ |
| आत्महत्या सम्बन्धी | ० | ४५ | ७९ | २९ | ७१ | ४२ | १०३ | २४ | ५० | ४४३ |
| चोरी सम्बन्धी | ० | २९ | १५ | २७ | १० | ७ | २९ | ३ | ९ | १२९ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | १ | ९१ | ९८ | ४३ | ४४ | ४३ | ८५ | ७ | १६ | ४२८ |
| सामजिक अपराध | १ | ३४६ | २२५ | १२९ | ११७ | १२० | ११५ | १० | ३१ | १०९४ |
| महिला तथा वालवालिका सम्बन्धी | ३ | १२ | ४० | ३१ | २९ | १७ | ४६ | ७ | १४ | १९९ |
| सवारी सम्बन्धी | ० | १३ | ३७ | ३० | १९ | २० | ४६ | ५ | ७ | १७७ |
| विविध | १ | २८ | १ | ३ | ५ | २ | ५ | ० | ४ | ४९ |
| कुल जम्मा | ६ | ६३९ | ५९४ | ३६९ | ३७० | २९८ | ५३८ | ८० | १५९ | ३०५३ |

# जनचेतना मूलक सन्देश

कानुनको मर्यादा पालन गर्नु र गराउनु चेतनशिल नागरिकको कर्तव्य हो ।

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोनः ९७७१४४१२७४८
फ्याक्सः ९७७१४४१२६२
ई–मेलः cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईटः www.cid.nepalpolice.gov.np